# शहरकी चन्द्रमा

- **आभास**

शहरकी चन्द्रमा
गीतमा रमाउन्न
मात्र उदासिन्छे

महलको छतबाट
कुनै नयनले निहार्दैनन् उसलाई
सडकका नयन पनि
यतै
अलमलिन्छन्
तरुनीसितै

शहरकी चन्द्रमा
पुर्नेको रातमै पनि
नितान्त एक्लिन्छे

घण्टौंको लोडसेडिङ् छलेर निस्केका
गुलुपका राँके जुलुश
खर्लप्पै निल्न खोज्छन्
उसका शीतल किरणलाई

शहरकी चन्द्रमा
बादलमा रङ्गिन्न
मात्र छरिन्छे

शहरको रातभित्र
भुस्याहा कुकुर
मान्छेलाई अङ्गाल्छ
र न्यानो बाँड्छ
तर मान्छे मान्छेलाई नै चिथोर्छ
निरन्तर / अविराम

ऐया र आत्थुको अँध्यारो भेलमा
भुईंले समेत उमार्न थाल्छ
अनेकौं हात
अचानक

उम्रेकै थलो कोपर्दै
आकाश ताक्न तल्लिन हुन्छन्
जब तिनै हात

शहरकी चन्द्रमा
अतासिदै छोप्छे
आफ्नो ओजस्वी अनुहार ।

काठमाण्डौ
४ जनवरी, २००८